बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

हेटौँडा, नेपाल

पत्र सङ्ख्या :- ०७८/०७९
चलानी नं:- 856

मितिः २०७८।१२।१५

विषयः छनोट गरी पठाई दिनु हुन ।

श्री बागमती प्रदेशभित्रका सबै स्थानीय तहहरु ।

उपर्युक्त विषयमा शैक्षिक छात्रवृत्ति निर्देशिका, २०७८ को दफा ४ (ख) बमोजिम कृषि, भेटनेरी, सर्भेयर, सिभिल इन्जिनियरिङ, वन विज्ञान विषयमा सामुदायिक विद्यालय/ शिक्षालयमा कक्षा ११ वा सो सरह अध्ययनरत दलित, अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मुख जातिका छात्राछात्रहरु मध्ये प्रत्येक स्थानीय तहबाट छनोट भई आएका एकजना छात्रा वा छात्रलाई उक्त कक्षामा अध्ययन गर्न लाग्ने भर्ना शुल्क र शिक्षण शुल्क बापतको रकम छात्रवृत्तिको रुपमा उपलब्ध गराउने कर्यक्रम रहेको हुदाँ तहाँ स्थानीय तहमा स्थायी बसोबास भएका, सामुदायिक माध्यमिक विद्यालयबाट एसईई उत्तीर्ण गरेका, सामुदायिक विद्यालय/ शिक्षालयमा अध्ययनरत, कक्षा ११ वा सो सरहको तहको अन्तिम परीक्षामा सामेल भई कक्षा १२ वा सो सरहमा नियमित रुपमा अध्ययनरत १ (एक) जना छात्रा वा छात्रको नाम तपसिलको मापदण्ड तथा परिच्छेद-२ को दफा ३(१) मा उल्लेख भएका सर्त र दफा ८ मा उल्लेख भएका कागजातहरुको आधारमा छनोट गरी निम्न कागजातसाथ मिति २०७८/१२/३० भित्र यस निर्देशनालयमा पठाई दिनुहुन अनुरोध छ ।

क) छात्रवृत्तिका सर्त तथा संलग्न गर्नुपर्ने कागजातहरु

१) नेपाली नागरिकताको प्रमाण-पत्र

२) बागमती प्रदेश भित्रको स्थायी बासिन्दा हुनुपर्ने वा बागमती प्रदेशको स्थायी बासिन्दा पुरुषसँग विवाह गरेको विवाह दर्ता प्रमाण-पत्र

३) कक्षा ११ वा सो सरहको कक्षामा भर्ना भई अन्तिम परीक्षामा सामेल भएको निस्सा वा विद्यालयको पत्र

४) छात्रवृतिका लागि आवेदन दिएको शैक्षिक तहमा संघीय सरकार, प्रदेश सरकार, विश्वविद्यालय अनुदान आयोग, सम्बन्धित विश्वविद्यालय, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, स्थानीय तह, सम्बन्धित क्याम्पस वा अन्य कुनै पनि निकाय वा संघ संस्थाबाट छात्रवृत्ति नलिएको भन्ने व्यहोरा खुलेको सम्बन्धित क्याम्पस वा विद्यालय/ शिक्षालयको पत्र

५) एसईईको शैक्षिक योग्यताको प्रमाण-पत्र र लब्धाङ्कको प्रतिलिपि

पूर्णबहादुर दर्जी
निमित्त निर्देशक

फोन नं. ०५७-५२७१०४ (परीक्षा), ०५७-५२७१०५(सूचना अधिकारी) ०५७-५२७१०६(कार्यालय प्रमुख),
इमेलः edd.bagamati@gmail.com वेवसाइटः edd.bagamati.gov.np

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- ०७८/०७९
चलानी नं:–

६) एसईई उत्तीर्ण गरेको विद्यालय सामुदायिक विद्यालय हो भन्ने सम्वन्धित स्थानीय तहको सिफारिस पत्र

७) कक्षा ११ वा सो सरहको छात्रवृत्तिको लागि आवेदन दिने छात्राछात्र अध्ययनरत माध्यमिक विद्यालय सामुदायिक विद्यालय/ शिक्षालय हो भन्ने सम्बन्धित स्थानीय तहको सिफारिस

८) दलित, अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मुख जाति विपन्न हो भने सम्बन्धित निकायको सिफारिस पत्र

९) द्वन्द पीडित, शहीद वा घाइते परिवारको सम्बन्धमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको पत्र

ख) सामुदायिक माध्यमिक विद्यालय/ शिक्षालयमा कक्षा ११ वा सो सरहमा अध्ययनरत छात्राछात्रलाई प्रदान गरिने छात्रवृत्ति छनोट सम्बन्धी मापदण्ड

| शैक्षिक योग्यता | श्रेणी | अङ्कको वर्गीकरण | अधिकतम् प्रासङ्क |
|---|---|---|---|
| एसईई | | | १० |
| | प्रथम | १० अङ्क | |
| | द्वितीय | ७ अङ्क | |
| | तृतीय | ५ अङ्क | |
| आर्थिक रुपले विपन्न | | | १० |
| द्वन्द पीडित, शहीद परिवार र घाइते परिवार | | | १० |
| जम्मा | | | ३० |

पुनश्चः बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय, हेटौंडा, नेपालबाट जारी शैक्षिक छात्रवृत्ति निर्देशिका, २०७८ यस निर्देशनालयको website: http://edd.bagamati.gov.np/ र बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपालको website: http://mosd.bagamati.gov.np/ मा हेर्नुहुन समेत अनुरोध गरिन्छ ।

पृथ्वीबहादुर दर्जी
निमित्त निर्देशक

फोन नं. ०५७-५२७१०४ (परीक्षा), ०५७-५२७१०५(सूचना अधिकारी) ०५७-५२७१०६(कार्यालय प्रमुख),
इमेल: edd.bagamati@gmail.com वेवसाइट: edd.bagamati.gov.np